नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल ।

फोन नं. ४६७१७१६
४६७१७१७
हरिसिद्धि, सितापाइला, काठमाण्डौं

प.सं. २०७७।०७८
च.नं. 93६

मिति : २०७७।४।८

श्री वडा कार्यालय सबै
श्री शाखा/उपशाखा सबै
नागार्जुन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

**विषय सम्पत्ति विवरण दर्ता गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु र हालै मात्र लोक सेवा आयोगको सिफारिशमा स्थानीय तहहरुमा नयाँ नियुक्ति भएका अन्य सेवाका कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा मिति २०७७।३।३१ मा यस मन्त्रालयको वेभसाइटमा सूचना प्रकाशन भएको तर कतिपय स्थानीय तहका कर्मचारीहरुले सो सूचना बमोजिम बुझाउनु पर्ने सम्पत्ति विवरण आफु कार्यरत स्थानीय तहमा नबुझाई राष्ट्रिय किताबखाना (निजामती)मा दर्ताको लागि प्राप्त हुन आएकोले राष्ट्रिय किताबखाना (निजामती) को मिति २०७७।४।७ च.नं. २२ को पत्रद्वारा तपशिल बमोजिम गसउने व्यवस्था हुन लेखि आएको हुँदा तपशिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सूचना तथा प्रविधि शाखा को च.नं. ११ मिति २०७७।०४।०७ गतेको पत्रबाट लेखि आएकोले तपशिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

**तपशिल**

"कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोक सेवा आयोगबाट आ.व. २०७५।७६ मा भएको विज्ञापन अनुसार सिफारिश भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त गरेको भएता पनि) ले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरु दर्ता गर्ने म्याद (६० दिन) समाप्त भएको मितिले ३० (तीस) दिन भित्र प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्ने र त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ । तर निजामती सेवामा कार्यरत रही संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना(निजामती) मा नै सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।"

..................
रमेश लुईटेल
अधिकृत आठौं